आलिताल गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ०२ संख्या : १ मिति : २०७७/०२/३०

## भाग - २

### आलिताल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधान बमोजिम आलिताल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### आलिताल गाउँपालिकाको क्वारेण्टाइन स्थल व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७७

**संशोधन**

आलिताल गाउँपालिकाको क्वारेण्टाइन स्थल व्यवस्थापन (**पहिलो संशोधन**) सम्बन्धी निर्देशिका,२०७७ **प्रकाशित** मिति २०७७।०२।२९ गते

**प्रस्तावना:** आलिताल गाउँपालिकामा कोरोना भाइरस (कोभिड-१९) रोकथाम, नियन्त्रण गर्न कोरोना भाइरस (कोभिड-१९) सम्बन्धी क्वारेण्टाइन संचालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड, २०७६ बमोजिम क्वारेण्टाइन स्थलको संचालन व्यवस्थापनलाई स्वच्छ, पारदर्शी, मितव्ययी बनाउन वाञ्छनीय भएकाले आलिताल गाउँ कार्यपालिकाले यो निर्देशिका वनाइएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम "आलिताल गाउँपालिकाको क्वारेण्टाइन स्थल व्यवस्थापन सम्बन्धी निर्देशिका,२०७७" रहेको छ ।

(२) यो निर्देशिका कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा -

(क) “क्वारेण्टाइन स्थल व्यस्थापन समिति" भन्नाले वडा भित्र संचालनमा ल्याएका क्वारेण्टाइन स्थलहरुलाई व्यवस्थापन गर्न गठन गरिएको समितिलाई सम्झनु पर्छ ।

(ख) “संयोजक" भन्नाले क्वारेण्टाइन स्थल व्यवस्थापन समितिको संयोजक सम्झनु पर्छ ।

(ग) “उपसमिति" भन्नाले कुनै वडामा एक भन्दा बढी क्वारेण्टाइन स्थल संचालन गर्नु पर्ने भएमा त्यस्तो क्वारेण्टाइन स्थलको व्यवस्थापन गर्नको निमित्त क्वारेण्टाइन स्थल व्यवस्थापन समितिले

तोकेको वा सम्बन्धित वडाको वडा अध्यक्षले तोकेको वडा सदस्यको संयोजगत्वमा गठित समिति सम्झनु पर्छ ।

(घ) “स्वयंसेवक" भन्नाले क्वारेण्टाइनस्थल निर्माण गर्न वा क्वारेण्टाइनमा बसेका व्यक्तिहरुको लागि भान्छाको काम गर्ने वा क्वारेण्टाइन स्थलको सुरक्षा गर्ने वा सरसफाइ गर्न क्वारेण्टाइन स्थल व्यवस्थपन समितिले परिचालन गरेको व्यक्तिलाई सम्झनु पर्छ ।

३. **<u>क्वारेण्टाइन स्थल व्यवस्थापन समिति</u>**ः (१) सम्बन्धित वडाको वडाध्यक्षको संयोजकत्वमा क्वारेण्टाइन स्थलको संचालन, व्यवस्थापन गर्नको लागि क्वारेण्टाइन स्थल व्यवस्थापन समिति रहनेछ ।क्वारेण्टाइन स्थल व्यवस्थापन समिति पाँच जना देखि बढिमा नौ जना सम्मको हुनेछ।

(२) उपदफा (१) अनुसारको समिति गठन गर्दा सकेसम्म सानो, छरितो, क्रियाशिल समिति बनाउनु पर्नेछ। संभव भएसम्म जनप्रतिनिधि, नागरिक समाजका अगुवा, सम्बन्धित विद्यालयको व्यवस्थापन समिति अध्यक्ष वा प्रधानाध्यापक, रेडक्रस प्रतिनिधि, गैह्र सरकारी संघसंस्थाको प्रतिधित्व रहने गरी समितिको गठन गर्नु पर्नेछ ।

(३) क्वारेण्टाइन स्थल व्यवस्थापन समितिको सदस्य-सचिव सम्वन्धित वडाको वडा सचिव रहनेछ।

(४) समितिले आवश्यकता अनुसार समितिका सदस्यहरुको कामको बाँडफाँड गरी जिम्मेवारी तोक्न सक्नेछ।

४. **<u>क्वारेण्टाइन स्थलको व्यवस्थापन</u>**ः (१) क्वारेण्टाइन स्थलको व्यवस्थापनको जिम्मेवारी क्वारेण्टाइन स्थल व्यवस्थापन समितिको हुनेछ ।

(२) क्वारेण्टाइन स्थलको मर्मत संभार गर्न आवश्यक पर्ने सामग्री क्वारेण्टाइन स्थल व्यवस्थापन समितिको बैठकले निर्णय गरी स्थानीय व्यवसायीबाट खरिद गर्न सक्नेछ ।

(३) उपदफा (२) अनुसार खरिद भएका समग्रीहरुको विल भरपाइ तयार गरी समितिको सदस्य सचिवले फरफारक गर्नुपर्नेछ ।

(४) उपदफा (२) अनुसार सामग्री खरिद गर्दा नियमितता, मितिव्ययीता र पारदर्शीताको सिद्धान्तको पूर्णपालना गर्नु पर्नेछ ।

५. **<u>स्वयंसेवकको परिचालन</u>**ः (१) क्वारेण्टाइनमा बस्ने व्यक्तिहरुको अभिलेख राख्न र दफा ६ बमोजिम क्वारेण्टाइनमा खानपिनको वन्दोबस्त गर्ने व्यक्ति वा फर्म वा संस्थासँग समन्वय र सूचना प्रवाह गर्न आवश्यक अनुसार बढीमा दुई जना मात्र स्वयंसेवक परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्वयंसेवकले दैनिक रुपमा क्वारेण्टाइन स्थल व्यवस्थापन समितिको सदस्य-सचिवसँग समन्वयमा रहनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको स्वयंसेवकले क्वारेण्टाइनको अभिलेख सम्बन्धी विवरण दैनिक रुपमा सदस्य-सचिवलाई प्रतिवेदन गर्नुपर्नेछ।

(४) क्वारेण्टाइन स्थल व्यवस्थापनको लागि परिचालन गरिएका स्वयंसेवकहरुको विवरण अनुसूची-१ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(५) स्वयंसेवकको पारिश्रमिक सम्बन्धी व्यवस्था आलिताल गाउँपालिकाको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण रोकथाम, नियन्त्रण, व्यवस्थापन तथा उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यस्थापन कार्यविधि, २०७७ बमोजिम हुनेछ ।

६. **<u>क्वारेण्टाइनमा बस्ने व्यक्तिहरुको खानपिन सम्बन्धी व्यवस्था</u>**ः (१) क्वारेण्टाइनमा बस्ने व्यक्तिहरुको खानपिन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) विहान कालो चिया

(ख) विहान १०:०० बजे खाना

(ग) दिउसो कालो चिया

(घ) साँझ ०७:०० बजे खाना

(२) उपदफा (१) बमोजिमको खानपिनको व्यवस्थाको लागि क्वारेण्टाइमा बसेका व्यक्तिको गाउँपालिकाले प्रतिदिन प्रतिव्यक्ति **दुई सय रुपैयाँका** दरले विशेष कारण बाहेक चौध दिन नबढ्ने गरी सम्बन्धित क्वारेण्टाइनलाई उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराइने रकममा खानपिनको व्यवस्था गर्न इच्छुक व्यक्ति वा फर्म वा संस्थाको छनौट गरी क्वारेण्टाइनको खानपिनको व्यवस्थापनको जिम्मेवारी दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको व्यक्ति वा फर्म वा संस्थाको छनौट दफा ३ बमोजिमको समितिको निर्णयबाट गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम छनौट भएको व्यक्ति वा फर्म वा संस्थाले क्वारेण्टाइन सम्बन्धी व्यवस्था हटाउने घोषणा नहुँदासम्म खानपिनको व्यवस्थापन गर्नुपर्नेछ ।

(६) क्वारेण्टाइनमा खानपिनको व्यवस्थापन गर्ने व्यक्ति वा फर्म वा संस्थाले उपदफा (५) बमोजिमको अवधि पुरा नहुदै छाडेमा आफूले कामकाज गरेको दिन सम्मको क्वारेण्टाइनमा बस्ने व्यक्तिहरुको डोर हाजिरीको आधारमा भुक्तानी पाउनेछ ।

(७) क्वारेण्टाइनमा खानपिनको व्यवस्थापन गर्ने व्यक्ति वा फर्म वा संस्थाले उपदफा (६) बमोजिम अवधि पुरा नहुदै छाडेमा दफा ३ बमोजिमको समितिले पुनः अर्को व्यक्ति वा फर्म वा संस्थाको छनौट गर्न बाधा पर्नेछैन।

(८) उपदफा (५) बमोजिमको अवधि पुरा नहुँदै बीचमै छाड्ने व्यक्ति वा फर्म वा संस्थालाई पुनः कुनै पनि क्वारेण्टाइनमा खानपिनको व्यवस्थापनको जिम्मेवारी दिइने छैन ।

(९) यस दफा बमोजिम उपलब्ध गराइने रकम प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिइनेछ । साथै उक्त रकम बराबरको शोधभर्ना कोभिड-१९ को विश्वाव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकहरुलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७ अनुसार नेपाल सरकारसँग माग गरिनेछ ।

७. <u>**विवरण तथा कागजात संलग्न गर्नुपर्नेः**</u> (१) क्वारेण्टाइनमा खानपिनको व्यवस्थापन गर्ने व्यक्ति वा फर्म वा संस्थाले देहाय बमोजिमको विवरण तथा कागजात संलग्न गरी दफा ३ बमोजिमको समिति समक्ष पेश गर्नु पर्नेछः-

(क) नागरिताको प्रतिलिपि

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

(ग) फर्म वा संस्थाको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

(घ) स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि ।

(ङ) कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि ।

(च) अन्य आवश्यक कागजातहरु ।

(२) दफा ६ बमोजिमको उपलब्ध गराइने रकममा प्रचलित कानून बमोजिमको कर कट्टी गरिनेछ।

८. <u>**अभिलेख राख्नेः**</u> (१) समितिले क्वारेण्टाइन सम्बन्धमा गरेको निर्णय र अन्य सम्पूर्ण काम कारवाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

(२) समितिले क्वारेण्टाइन स्थल व्यवस्थापनको जिन्सी सामग्रीको अनुसूची-२ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्नेछ ।

(३) यस निर्देशिका बमोजिम क्वारेण्टाइन स्थल व्यवस्थापनको सम्पूर्ण अभिलेख सदस्य-सचिवको जिम्मामा रहनेछ।

९. <u>**क्वारेण्टाइनमा बस्ने व्यक्तिहरुको विवरणः**</u> (१) समितिले क्वारेण्टाइनमा बस्ने व्यक्तिहरुको अनुसूची-३ बमोजिमको ढाँचामा वैयक्तिक विवरणको अभिलेख राख्नु पर्नेछ ।

(२) दफा ३ बमोजिमको समितिको सदस्य-सचिवले दैनिक रुपमा क्वारेण्टाइनमा बस्ने व्यक्तिहरुको डोरहाजिरी अनुसूची-४ बमोजिमको ढाँचामा राखी सोको जानकारी नियमित रुपमा गाउँपालिकालाई दिनुपर्नेछ।

१०. **आचार संहिता सम्बन्धी व्यवस्था:** आलिताल गाउँपालिकाको क्वारेण्टाइन आचार संहिता, २०७७ को पालना सबैले गर्नु पर्नेछ ।

११. **गाउँपालिकाले क्वारेण्टाइन स्थलको समय-समयमा अनुगमन गर्नु पर्नेछ ।**

१२. **क्वारेण्टाइन बन्दोबस्ती सम्बन्धी व्यवस्था गाउँपालिकाले गर्नेछ ।**

१३. **क्वारेण्टाइन स्थलमा स्वास्थ्य परीक्षण, चेकजाँच लगायत स्वास्थ्य सम्बन्धी सम्पूर्ण कार्यको जिम्मेवारी गाउँपालिकाको स्वास्थ्य शाखाको हुनेछ।**

१४. **यस निर्देशिका बमोजिम हुने:** (१) यस अघि क्वारेण्टाइन स्थलमा भए गरेका काम कारवाहीहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

(२) यस निर्देशिकामा लेखिएको कुरा यसै निर्देशिका बमोजिम हुनेछ ।

१५. **बाधा अड्काउ फुकाउः** यस निर्देशिकामा कुनै कुरा अस्पष्ट भएमा वा केही कुराको थप व्याख्या गर्नु परेमा वा कुनै बुँदामा संशोधन वा हटाउनु परेमा वा केही कुरा थप गर्नु परेमा गाउँ कार्यपालिकाको बैठकको निर्णयबाट गरिनेछ।

आलिताल गाउँपालिका

## अनुसूची-१

क्वारेण्टाइन स्थलको व्यवस्थपनको लागि परिचालन गरिएका स्वयंसेवकहरुको विवरण

| सि.नं. | नाम, थर | स्थायी ठेगाना | दिइएको जिम्मेवारी | परिचालित भएको मिति | | परिचालित भएको जम्मा दिन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

आलिताल गाउँपालिका

## अनुसूची-२

क्वारेण्टाइन स्थल व्यवस्थापनको जिन्सी विवरण

| सि.नं. | विवरण | इकाई | प्रति इकाई मूल्य | जम्मा परिमाण | कूल जम्मा मूल्य | सामग्री अवस्था | | खरिद मिति | खरिद गरिएको फर्मको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | खपत भएर जाने | खपत भएर नजाने | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

आलिताल गाउँपालिका

**अनुसूची-३**

क्वारेण्टाइनमा बस्ने व्यक्तिहरुको वैयक्तिक विवरण

| सि.नं. | व्यक्तिको नाम, थर | बाबुको नाम, थर | स्थायी ठेगाना | उमेर | लिङ्ग | आफु आएको देशको नाम | मिति (हाल क्वारेण्टाइनमा बसेको) | सम्पर्क नं. | आउनु भन्दा पहिले क्वारेण्टाइनमा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | बसेको | नबसेको | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

आलिताल गाँउपालिका

## अनुसूची-४

क्वारेण्टाइनमा बस्ने व्यक्तिहरुको डोर हाजिरी विवरण

मिति २०७७ **साल** **महिना**

| सि. नं | नाम, थर | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ | ३२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

आज्ञाले,
ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत